कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
प्रदेश नं. ५

फोन नं. ०८१-५४०००१

## कोहलपुर नगरपालिकाको अत्यन्त जरूरी सूचना !

मितिः २०७६/०५/२६

यस कोहलपुर नगरपालिकाको वडा नं. १ देखि १५ सम्म रहेका मासु पसल (Flesh house), डेरी उद्योग तथा दुग्धजन्य पदार्थ बिक्री गर्ने पसल, खाद्यान्न तथा किराना पसल, कपडा तथा फेन्सि पसल, विभिन्न हार्डवेयर पसल, होटल तथा रेष्टुरेन्ट, औषधि तथा एग्रोभेट पसल, विद्युतीय सामाग्रि तथा ईलोक्ट्रोनिक्स पसल, पुस्तक तथा स्टेशनरी सम्वन्धि पसल र विभिन्न सेवामुलक व्यबसायहरु समेत यस नगरपालिकाको कार्यालयमा दर्ता नै नगरि संचालन भईरहेका बुझिएकोले व्यबसाय दर्ता गरि नियमानुसार संचालन गर्न पटक पटक लिखित तथा मौखिक जानकारी गराउदा समेत कुनै वास्ता नगरि मापदण्ड विपरित उक्त व्यबफसायहरु संचालन गरिरहेको हुदा यो सूचना प्रकाशित गरिएको छ। अतः अब उप्रान्त उक्त सम्पूर्ण व्यबसायहरु नियमानुसार यस नगरपालिकामा अविलम्व दर्ता गर्नको साथै तोकिएको मापदण्ड पूरा गरि संचालन गर्नु हुन जानकारी गराउदछौ। साथै कतिपय व्यक्तिहरुले यस नगर क्षेत्रको सडक किनाराका पेटी र फुटपाथमा समेत अवैधरुपमा व्यबसाय संचालन गरिरहेका र कतिपयले सडक तथा सडक पेटी अवरुद्ध हुने गरि ढुंगा, गिट्टी, बालुवा, ईटा आदि निर्माण सामाग्रिहरु थुपारिरहेको हुदा सार्वजनिक स्थान अवरुद्ध हुने गरि नियम विपरित कार्य नगर्न नगराउन समेत सम्वन्धित सबैमा जानकारी गराउदछौ, यदि कसैले यस प्रकारको गैर कानूनी कार्य गरे गराएको भए यो सूचना प्रकासित भएको मितिले ७(सात) दिन भित्र अनिबार्य रुपमा सडक पेटी तथा फुटपाथमा भएका सामाग्रिहरु हटाई खालि गर्नु गराउनु होला। अन्यथा तोकिएको अवधि भित्र उक्त कार्य नगरेमा प्रचलित ऐन कानून बमोजिम कडा कारबाही गरिनुका साथै उल्लेखित सामाग्रिहरु व्यबस्थापन गर्दा लाग्ने सम्पूर्ण खर्च समेत सम्वन्धित ब्यक्तिबाट असूल उपर गरिने ब्यहोरा समेत जानकारी गराईन्छ।

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत